# उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५

## (दोश्रो संसोधन, २०७६ सहित)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

उखु उत्पादन गर्ने उखु कृषकलाई अनुदान रकम दिन बाञ्छनीय भएकोले नेपाल सरकारले आर्थिक वर्ष २०७५।७६ को बजेट बक्तव्यमा उल्लेख भए बमोजिम देहायको कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसगले अर्को अर्थ नगालेमा यस कार्यविधिमा,

(क) "उखु कृषक" भन्नाले नेपालमा उखु उत्पादन गरी नेपालका चिनि मिललाई उखु बिक्री गर्ने कृषक सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "मिल" भन्नाले नेपालमा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेको चिनी मिल सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ८ बमोजिमको भुक्तानी समिति सम्झनु पर्छ ।

(च) "क्रसिङ्ग" भन्नाले चिनी उत्पादनको लागि चिनी मिलले उखु पेल्ने प्रक्रिया सम्झनु पर्छ ।

---

कार्यविधि जारी: नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०४।१८ को निर्णयानुसार
पहिलो संसोधन: नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०५।३१ को निर्णयानुसार
दोश्रो संसोधन: नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०६।०७ को निर्णयानुसार



सचिव

३. <u>अनुदान रकम निर्धारण गर्ने:</u> (१) नेपाल सरकारले प्रत्येक वर्ष उखुको अनुदान रकम निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम उखुको अनुदान रकमको निर्धारण उखुको न्यूनतम समर्थन मूल्य, उखुको आन्तरिक उत्पादन, उत्पादनको लागत तथा अन्तराष्ट्रिय बजार समेतको आधारमा गरिनेछ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले उखुको न्यूनतम् समर्थन मूल्यमा परिवर्तन नगरेसम्मको लागि सम्बत् २०७५ जेष्ठ १५ गते देखि लागू हुने गरी उखुको अनुदान रकम प्रति क्विन्टल पैसट्ठी रुपैयाँ अठ्ठाईस पैसा कायम गरिएको छ ।

४. <u>उखु उत्पादन र क्रसिङ्गको विवरण तयार गर्ने:</u> मन्त्रालयले प्रत्येक वर्ष उत्पादन हुने उखुको परिमाण र मिलले गरेको क्रसिङ्ग विवरण तयार गर्नु पर्नेछ ।

४.क <u>उखु उत्पादक कृषक दर्ता हुनुपर्ने:</u> (१) उखुको खेती गर्ने कृषकहरु वैशाख महिना भित्र सम्बन्धित स्थानीय तहमा दर्ता हुन आवेदन दिनुपर्नेछ ।

(२) प्रत्येक बर्षको भाद्र मसान्त भित्र सम्बन्धित स्थानीय तहहरुले उखु खेती गर्ने कृषकहरुको अन्तिम लगत अनुसूची १ बमोजिमको ढाँचा बमोजिम प्रकाशन गरी नेपाल सरकारको कृषि हेर्ने मन्त्रालय, सम्बन्धित प्रदेशको कृषि हेर्ने मन्त्रालय, सम्बन्धित जिल्लाको भुक्तानी समिति र सम्बन्धित चिनी उद्योगमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

(३) आगामी आर्थिक बर्ष २०७७/०७८ देखि उखु कृषकहरुलाई नेपाल सरकारले प्रदान गर्ने अनुदान प्रयोजनको लागि अनुसूची १ अनुसारको कृषकहरुको लगतलाई आधार मानिनेछ ।

५. <u>उखु कृषकको विवरण उपलब्ध गराउनुपर्ने:</u> (१) मिलले प्रत्येक उखु क्रसिङ्ग सिजनमा उखु कृषकबाट खरिद गरेको उखुको परिमाण र कृषकको नाम, थर, वतन र निजको बैंक खाता अद्यावधिक गर्नुपर्नेछ ।



सचिव

(१क) आर्थिक बर्ष २०७७/०७८ को उखु उत्पादन सिजन देखि उपदफा (१) को अतिरिक्त मिलले सम्बन्धित स्थानीय तहले प्रकाशन गरेको अनुसूची १ अनुसारको लगतमा उल्लेखित कृषकको दर्ता नम्बर समेत अद्यावधिक गर्नुपर्नेछ ।

(१ख) आर्थिक बर्ष २०७६/०७७ सम्मको उखु उत्पादन सिजन लागि मिलले उपदफा (१) को अतिरिक्त आँफूले उखु खरिद गरेका नेपाली कृषकहरुको पहिचान खुल्ने देहाय बमोजिमका कागजात समेत अद्यावधिक गर्नुपर्नेछ ।

(क) उखु विक्री परिमाणको विवरण सहित उत्पादक कृषकको जग्गाको क्षेत्रफल अनुसारको जग्गाधनी प्रमाणपत्र वमोजिमको कित्ता नम्वर खुलेको कागजात वा जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी समावेश गर्ने, वा

(ख) खण्ड (क) अनुसार प्राप्त गर्न नसकेको खण्डमा जग्गा करारमा लिई उखु खेती गरेका कृषकहरुको हकमा उखु खेती गरिएको जग्गाको क्षेत्रफल र कित्ता नं. खुलेको करार सम्झौताको कागजातको प्रतिलिपी समावेश गर्ने, वा

(ग) खण्ड (क) र (ख) वमोजिम कागजात प्राप्त गर्न नसकेको खण्डमा सम्वन्धित स्थानीय तहले सम्बन्धित कृषकले उखु खेती गरेको जग्गाको क्षेत्रफल, जग्गाको कित्ता नम्वर वा चारकिल्ला र उत्पादन परिमाण खुलाई सिफारिस गरेको पत्रको सहित त्यस्ता कृषकको छुट्टै लगत राख्ने।

(२) मिलले उपदफा (१), (१क) र (१ख) बमोजिमको विवरण समितिलाई पन्ध्र/पन्ध्र दिनमा उपलब्ध गराउनु पर्नेछ ।

६. <u>अनुदान रकम कार्यालय मार्फत वितरण गर्ने:</u> (१) दफा ५ बमोजिम मिलले उपलब्ध गराएको विवरणका आधारमा समितिको निर्णयानुसार कार्यालयले सम्बन्धित उखु कृषकको बैंक खातामा भुक्तानी गर्ने गरी अनुदान रकम उपलब्ध गराउनेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम उपलब्ध गराएको रकमबाट उक्त मिललाई पहिले उखु बिक्री गर्ने उखु कृषकलाई पहिलो भुक्तानी गर्ने गरी कार्यालयले सम्बन्धित उखु कृषकको बैंक खातामा अनुदान रकम जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम बैंक खातामा जम्मा गरिएको र बाँकी रकमको विवरण मासिक रुपमा मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ ।

७.<u>बजेटमा समावेश गर्ने</u>: (१) उखु कृषकलाई उपलव्ध गराउने अनुदानको रकम प्रत्येक वर्ष बजेटमा समावेश गरिनेछ ।

(२) उफदफा (१) बमोजिमको रकम मन्त्रालयले मिल सञ्चालन भएको सम्बन्धित जिल्लाको कार्यालयमा सम्बन्धित जिल्लाको माग बमोजिम पठाउनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान बापतको रकम बजेटमा समावेश नभएमा वा नपुग हुन आएमा त्यस्तो रकम अर्थ मन्त्रालयले उपलब्ध गराउनेछ ।

७क. <u>जिम्मेवारी दिन सक्ने:</u> मन्त्रालयले मातहतका निकायहरुलाई जिम्मेवारी दिइ यस कार्यविधि अनुसारका कार्यहरु कार्यान्वयन गराउन सक्नेछ ।

८. <u>भुक्तानी समिती:</u> (१) मिल सञ्चालन भएका जिल्लामा उखु कृषकलाई अनुदान रकम भुक्तानी गर्न देहायको समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| (ख) | सम्बन्धित जिल्लामा रहेको कृषि ज्ञान केन्द्र प्रमुख तथा उक्त व्यवस्था नभएको खण्डमा जिल्ला सदरमुकाममा रहेको स्थानीय तहको कृषि शाखा प्रमुख | - सदस्य |
| (ग) | सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | - सदस्य |
| (घ) | सम्बन्धित जिल्लाको आन्तरिक राजस्व कार्यालयका प्रमुख | - सदस्य |



सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लामा सञ्चालन भएका मिलको उत्पादन क्षमता, उत्पादन विवरण लगायतका अन्य विवरण संकलन गर्ने ।

(ख) मिलबाट प्राप्त विवरणका आधारमा उखु कृषकको विवरण अद्यावधिक गरी उखु कृषकलाई अनुदान प्रदान गर्ने ।

(ग) मिलले उपलब्ध गराएको उखु कृषकको विवरण, भुक्तानीको रकम र बैंक खाता लगायतका विवरण अद्यावधिक गरी मन्त्रालयलाई उपलब्ध गराउने ।

(घ) चिनी मिलहरुले उखु कृषकलाई भुक्तानी गरेको उखुको मूल्यको रकमको विवरण र कार्यालयबाट वितरण भएको अनुदान रकमको भिडान गरी नियमित अनुगमन गर्ने ।

(ङ) प्रत्येक बर्ष उत्पादन हुने उखुको परिणाम र चिनी मिलले गरेको क्रसिङको विवरण उद्यावधिक गरी मन्त्रालयलाई उपलब्ध गराउने ।

(च) चिनी मिलहरुले उखु उत्पादक कृषकबाट खरीद गरेको उखु र उत्पादन गरेको चिनीको विवरण सम्बन्धित ठूला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/आन्तरिक राजस्व कार्यालयबाट मागगरी भिडान गर्ने ।

९. <u>सिफारिस गरिएको जातको उखुमा मात्र अनुदान दिइने</u>: यस कार्यविधिमा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाले सिफारिस गरेका जातका उखु उत्पादन गरी बिक्री गर्ने उखु कृषकलाई मात्र नेपाल सरकारले यस कार्यविधि बमोजिमको अनुदान दिनेछ ।

१०. <u>मिललाई कारवाही हुने</u>: उखु कृषकलाई अनुदान रकम भुक्तानीको लागि दफा ५ अनुसार मिलले उपलब्ध गराएको विवरण सहि नभएमा वा फर्जि विवरण दिएको



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

ठहरेमा सोबाट श्रृजित हुनसक्ने अनुदान रकम हिनामिनाको दोब्बर रकम समितिले सम्बन्धित मिललाई जरिवाना गर्नेछ ।

११. <u>मिलले बैंक खातामार्फत रकम भुक्तान गर्नुपर्ने</u>: उखु कृषकले उखु बिक्री गरेबापत चिनि मिलले आफ्नो तर्फबाट उपलब्ध गराउनुपर्ने रकम समेत बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ र त्यसको जानकारी सम्बन्धित कार्यालयलाई दिनुपर्नेछ ।

१२. <u>आवश्यक व्यवस्था गर्न सक्ने</u>: यस कार्यविधिमा लेखिए देखि वाहेकका विषयमा नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची १

(दफा ४.क को उपदफा (२) संग सम्बन्धित)

........................................ महानगर/उप-महानगर/नगर/गाउँ पालिकाको कार्यालय

## उखु खेती गर्ने कृषकहरुको लगत

आ.ब. ..........................

प्रकाशन मिति:-

१. आफ्नो जग्गामा खेती गर्ने (कित्ता नम्बर खुलेको) उखु कृषकहरुको नामावली

| दर्ता नम्बर | उखु खेती गरेको वडा | उखु खेती गरेको जग्गाको कित्ता नम्बर | उखु खेती गरेको क्षेत्रफल (विगाहा-कठ्ठा-धुर) | कैफियत |
|---|---|---|---|---|
| १-०००१ | | | | |
| | | | | |
| जम्मा | | | | |

२. जग्गा करारमा लिइ खेती गर्ने उखु कृषकहरुको नामावली

| दर्ता नम्बर | उखु खेती गरेको वडा | उखु खेती गरेको जग्गाको कित्ता नम्बर | उखु खेती गरेको क्षेत्रफल (विगाहा-कठ्ठा-धुर) | कैफियत |
|---|---|---|---|---|
| २-०००१ | | | | |
| | | | | |
| जम्मा | | | | |

३. आफ्नो जग्गा नभएका र जग्गा करारमा नलिइ उखु खेती गर्ने कृषकहरुको नामावली

| दर्ता नम्बर | उखु खेती गरेको वडा | उखु खेती गरेको क्षेत्रफल (विगाहा-कठ्ठा-धुर) | उखु खेती गरेको जग्गाको कित्ता नम्बर | कित्ता नम्बर नखुल्न जग्गाको हकमा चारकिल्ला | कैफियत |
|---|---|---|---|---|---|
| ३-०००१ | | | | | |
| | | | | | |
| जम्मा | | | | | |



सचिव